आज मिति २०८३ साल भाद्र महिनाको २६ गते शुक्रवारका दिन बिहान ११:०० बजे यस विनयी त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक यसै गाउँपालिका अध्यक्ष श्री घनश्याम गिरी ज्यूको अध्यक्षतामा बसी तपसिलका पदाधिकारीको उपस्थितिमा तपसिलका प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो।

	श्री घनश्याम गिरी	अध्यक्ष
	श्री भगवती वैदवार क्षेत्री	उपाध्यक्ष
	श्री दिपक प्रसाद पौडेल	सदस्य
	श्री पुष्पा आले मगर	सदस्य
	श्री कृष्ण वहादुर पाण्डे क्षेत्री	सदस्य
	श्री साहिल श्रेष्ठ	सदस्य
	श्री रन वहादुर झेंडी	सदस्य
	श्री नुरेन्द्र शाह	सदस्य
	श्री उमेश कार्की	सदस्य
	श्री कृष्ण वहादुर दरै	सदस्य
	श्री कृष्ण वहादुर वि.क.	सदस्य
	श्री पवित्रा दमै	सदस्य
	श्री देवी लक्ष्मी विश्वकर्मा	सदस्य
	श्री ज्ञानीसरा वि.क.	सदस्य
	श्री जौ माया वि.क. प्रतेल	सदस्य
	श्री चन्द्रकान्त वस्नेत	सचिव
आमन्त्रित		
	श्री याम प्रसाद शर्मा पौडेल	अधिकृत छैटौं
	श्री कृष्ण प्रसाद रेग्मी	स.प्र.अ
	श्री वालदत्त गौतम	पशु विकास अधिकृत
	श्री रविन्द्र पोखरेल	प्रशिक्षक
	श्री लिलाधर चापागाई	योजना/राजस्व शाखा
	श्री बलराम पुडासैनी	आई.टी
	श्री धुर्वराज ठाकुरी	स्वास्थ्य शाखा प्रमुख
	श्री विष्णु प्रसाद उप्रेती	हेल्थ असि
	श्री [illegible]	[illegible]

विनयी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुम्किबास, नवलपरासी (ब.सु.पू.)

कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची

बैठक संख्याः ०२

अध्यक्षताः श्री घनश्याम गिरी, गाउँपालिका अध्यक्ष

बैठक मितिः २०८३/०५/२६

बैठक स्थानः विनयी त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी (ब.सु.पू.)।

बैठक समयः बिहानः ११:०० बजे

मिति	बैठक समय	कार्यसूची	सम्बन्धित शाखा	कैफियत
२०८३/०५/२६	११:०० बजे	वडा नं. १. स्थित मुलकुलो सुधारको लागि बजेट व्यवस्थापन सम्बन्धमा।	आर्थिक प्रशासन शाखा	१
२०८३/०५/२६	११:०५ बजे	दुम्किबास बजार क्षेत्रमा मुख्य सर्भिस लेन निर्माण गर्दा विद्युत संरचनाहरु स्थानान्तरण कार्यको लागि नेपाल विद्युत प्राधिकरण, कावासोती वितरण केन्द्रको लागत अनुमान बमोजिम रकम रु. ४,५८,३६४.४६/- रुपैयाँ सो कार्यालयको धरौटी खातामा जम्मा गर्ने सम्बन्धमा।	प्रशासन	२
२०८३/०५/२६	११:१० बजे	सार्बजनिक बिदा सम्बन्धमा	प्रशासन शाखा	३
२०८३/०५/२६	११:१५ बजे	विनयी पुल देखि सालघारे रहसम्म वन्य जन्तुबाट खेती वालीमा भैरहेको क्षति न्युनिकरण तथा संरक्षणको लागि तारवार निर्माण गर्ने सम्बन्धमा।	पूर्वाधार शाखा	४
२०८३/०५/२६	११:२० बजे	होड्सी शिवम सिमेन्टको CSR सँग साझेदारी वडा नं.४ आदर्शटोल तटबन्धन	पूर्वाधार शाखा	५
२०८३/०५/२६	११:२५ बजे	शैक्षिक अनुदान व्यवस्थापन सम्बन्धमा ।	शिक्षा तथा खेलकुद विकास शाखा	६
२०८३/०५/२६	११:३० बजे	दुम्किबास खानेपानी आयोजना लागत साझेदारी सम्बन्धमा।	आर्थिक प्रशासन शाखा	७
२०८३/०५/२६	११:३५ बजे	कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।	पूर्वाधार शाखा	८
२०८३/०५/२६	११:४० बजे	सडक बत्ती निर्माणको लागि लागत साझेदारी गर्ने सम्बन्धमा ।	आर्थिक विकास शाखा	९
२०८३/०५/२६	११:४५ बजे	हार्डकपी मार्फत बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको प्रक्रिया अगाडि बढाउने सम्बन्धमा ।	जिन्सी/खरिद	१०
२०८३/०५/२६	११:५० बजे	IEE को TOR स्वीकृत गर्ने सम्बन्धमा ।	पूर्वाधार शाखा	११
२०८३/०५/२६	११:५५ बजे	रोजगार प्रवर्धन कार्यक्रमको लागि विनियोजित रकमबाट वडागत स्थान छनौट गर्ने सम्बन्धमा।	रोजगार शाखा	१२
२०८३/०५/२६	१२:०० बजे	आर्थिक सहयोग सम्बन्धमा।	आर्थिक प्रशासन शाखा	१३
२०८३/०५/२६	१२:०५ बजे	मेडपा कार्यक्रम सम्बन्धमा।	मेडपा कार्यक्रम	१४
२०८३/०५/२६	१२:१० बजे	विनयी त्रिवेणी आधारभूत अस्पतालमा X-Ray Machine रहेको कोठाका लागि lead Sheet/lead glass लगाउनका लागि बजेट व्यवस्थापन गर्ने सम्बन्धमा।	स्वास्थ्य शाखा	१५
२०८३/०५/२६	१२:१५ बजे	वातावरणीय अध्ययन सम्बन्धी प्राविधिक समिति गठन सम्बन्धमा	पूर्वाधार शाखा	१६

मिति २०८३/०५/२६ गते बसेको विनयी त्रिवेणी गाउँपालिकाको आ.व. २०८३/८४ को दोश्रो गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु:

निर्णय नं. १.

यस गाउँपालिका अन्तर्गत वडा नं. १ स्थित मूलकुलो सुधारको लागि आ.व २०८३/८४ को कृषि शाखाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत साना सिचाई कार्यक्रम ८५% अनुदान (इनार निर्माण, मर्मत, कुलो निर्माण तथा मर्मत, वाटर लिफ्टिङ, पम्सेट/मोटर/पाइप, बोरिङ जडान शीर्षकबाट खर्च हुने गरी तोकिएको लागत साझेदारी समेत समावेश हुने गरी कृषि शाखा मार्फत कार्यान्वयन गर्ने।

निर्णय नं. २.

विनयी त्रिवेणी गाउँपालिका, दुम्किबास बजार क्षेत्रमा मुख्य सर्भिस लेन निर्माण गर्दा विद्युत संरचनाहरु स्थानान्तरण कार्यको लागि नेपाल विद्युत प्राधिकरण, कावासोती वितरण केन्द्रको लागत अनुमान बमोजिम आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मर्मत सम्भार कोष शिर्षकबाट रकम रु. ४,५८,३६४.४६/- रुपैयाँ सो कार्यालयको धरौटी खातामा जम्मा गर्ने।

निर्णय नं. ३.

महिलाहरुको महान पर्व हरितालिका तीजको अवसरमा यस विनयी त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा शैक्षिक संस्थाहरुमा मिति २०८३/०५/२९ गते सार्वजनिक विदा दिने।

निर्णय नं. ४.

विनयी त्रिवेणी गाउँपालिका अन्तर्गत विनयी पुलदेखी सालघारे रहसम्म वन्यजन्तु खेतीमा भैरहेको क्षति न्युनीकरण तथा संरक्षणको लागि तारबार गर्न पेश भएको लागत अनुमान बमोजिम कार्य सम्झौताको बढीमा ३०% रकम साझेदारी गर्ने।

निर्णय नं. ५.

विनयी त्रिवेणी गाउँपालिका वडा नं. ४ स्थित आदर्श टोल तटबन्धनको लागि होइसी शिवम् सिमेन्ट उद्योगको CSR सँग आवश्यकता अनुसार साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.

यस गाउँपालिका अन्तर्गतका तपशिलका विद्यालयहरुमा पठनपाठन कार्यलाई प्रभावकारी एवम् गुणस्तरीय बनाउन गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सरकारी निकाय, समिति, प्रतिष्ठान एवम् बोर्डहरुलाई निशर्त चालु अनुदान र स्वयंसेवक सेवा शीर्षकबाट तपसिलका विद्यालयलाई तपसिलको शिर्षकमा एकमुष्ठ शैक्षिक अनुदान उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

सि.न	शिर्षक	विद्यालयको नाम	ठेगाना	शैक्षिक अनुदान रकम
१.	भानुदय नमुना मा.वि., दुम्किबास स्रोत कक्षा शैक्षिक अनुदान	भानुदय नमुना मा.वि., दुम्किबास	विनयी त्रिवेणी – १	२,८६,०००/-
२.	नवोदय आ.वि. सुनडाँडा शैक्षिक अनुदान	नवोदय आ.वि. सुनडाँडा	विनयी त्रिवेणी – ३	२,८६,०००/-
३.	भानुदय मा.वि., चुकाहा शैक्षिक अनुदान	भानुदय मा.वि., चुकाहा	विनयी त्रिवेणी – ५	४,१६,०००/-
			जम्मा	९,८८,०००/-

निर्णय नं. ७.

संघीय सरकारबाट आ.व. २०८३/८४ मा दुम्किबास खानेपानी आयोजना कार्यान्वयनका लागि प्राप्त हुने बजेटमा यस गाउँपालिकाको तर्फबाट १% लागत साझेदारी प्रतिबद्धता गर्ने।

निर्णय नं. ८.

विनयी त्रिवेणी गाउँपालिकाको विधायन समितिबाट सिफारिस भई आएको तपिसल बमोजिमको कार्यविधि स्वीकृत गर्ने ।

१. उपभोक्ता समिति मार्फत आयोजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यसञ्चालन विधि, २०८३

२. विनयी त्रिवेणी गाउँपालिका कृषि, पशुपन्छी तथा मत्स्य विकास शाखाको बार्षिक स्वीकृत कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

निर्णय नं. ९.

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय आयोजना निर्देशनालय (ADB) SASAC Road Improvement Project नारायणगढ-बुटवल सडक अन्तर्गत सडक योजना पूर्वी खण्डमा विनयी त्रिवेणी गाउँपालिका अन्तर्गत दुम्किबास बजार तथा बस्ती भएका क्षेत्रमा सडक बत्ती निर्माणका लागि नेपाल विद्युत प्राधिकरण सडक (बत्ती योजना) ले तयार गरेको लागत अनुमानको २०(बीस) प्रतिशतले हुन आउने रकममा लागत साझेदारी गर्ने र सडक बत्ती यस गाउँपालिका क्षेत्रमा जडान भइसकेपछि व्यवस्थित तरिकाबाट संचालन र सूचारु गर्ने कार्य गाउँपालिकाले गर्ने, साथै मर्मत सम्भार र सडक बत्ती सञ्चालन बापतको नियमानुसारको महशुल गाउँपालिकाबाट व्यहोर्ने ।

निर्णय नं. १०.

सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८३/०५/११ को सूचना अनुसार हाल विद्युतीय खरिद प्रणाली(e-GP System) मा देखिएको सुरक्षा जोखिमलाई मध्येनजर गर्दै अर्को व्यवस्था नभएसम्मका लागि विद्युतीय खरिद प्रणालीको स्थगन गरी हाललाई हार्डकपी मार्फत सार्वजनिक खरिद प्रक्रिया अगाडी बढाउने।

निर्णय नं. ११

यस गाउँपालिका अन्तर्गत विनयी खोला, गंगटे खोला, सुनही खोला, खोरंडी खोला, सिरबार खहरे, पात खहरे लगायतका खोलाहरुबाट नदीजन्य पदार्थ दुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन कार्यको लागि नारायणी ट्रेनिङ इन्जिनियरिङ्ग कन्सल्टेन्सी, गैंडाकोट नगरपालिका – १, नवलपरासी (ब.सु.पू.) मार्फत पेश भएको IEE को TOR विनयी त्रिवेणी गाउँपालिका, संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम स्वीकृत गर्ने ।

निर्णय नं. १२.

राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रम अन्तर्गत (भित्र सिंचाई, खानेपानी, सडक, नदी नियन्त्रण तथा अन्ने सार्वजनिक भैतिक संरचना निर्माण तथा मर्मत) उत्पादन र उद्यमशीलता मार्फत रोजगार सिर्जना तथा न्युनतम रोजगारी प्रत्याभुती सीप विशेष, उद्यमशीलता प्रर्वद्धन पुन एकीकरण सम्वन्धी क्रियाकलाप संचालन गर्नको लागी यस विनयी त्रिवेणी गाउँपालिकाको सत प्रतिसत साझदारी बजेट रु. १०,४७,०००/- लाई बेरोजगारी सुचिकृतको संख्याको अनुपात एवं स्थानीय क्षेत्रको आवश्यकता बमोजिम सबै वडामा तपसिल अनुसार बजेट बाडफाँट तथा योजना कार्यान्वयनका लागि तपसिल बमोजिमको बजेट/कार्यक्रम स्वीकृत गर्ने।

तपसिल

क्र.सं.	योजनाको नाम	सुचिकृत संख्या	सम्भावित कोटा	दर	दिन	राष्ट्रिय रोजगार प्रर्वन कार्यक्रम ज्याला रकम	गाउँपालिका साझेदारी रकम	जम्मा रकम
१	राष्ट्रिय रोजगार प्रर्वन सम्वन्धी कार्यक्रम वडा न. १	३५	२	७५४	१००	१५०८००	१५००००	३००८००
२	राष्ट्रिय रोजगार प्रर्वन सम्वन्धी कार्यक्रम वडा न. २	४८	३	७५४	१००	२२६२००	३०००००	५२६२००
३	राष्ट्रिय रोजगार प्रर्वन सम्वन्धी कार्यक्रम वडा न. ३	५८	३	७५४	१००	२२६२००	२२५०००	४५१२००
४	राष्ट्रिय रोजगार प्रर्वन सम्वन्धी कार्यक्रम वडा न. ४	३५	२	७५४	१००	१५०८००	२०००००	३५०८००
५	राष्ट्रिय रोजगार प्रर्वन सम्वन्धी कार्यक्रम वडा न. ५	४९	२	७५४	९४.२५	१४२१२९	१२२०००	२६४२००

६	राष्ट्रिय रोजगार प्रर्वन सम्वन्धी कार्यक्रम वडा न. ६	१३	१	७५४	१००	७५४००	०	७५४००
७	राष्ट्रिय रोजगार प्रर्वन सम्वन्धी कार्यक्रम वडा न. ७	२३	१	७५४	१००	७५४००	५००००	१२५४००
जम्मा		२६१	१४	७५४	९९.१७८	१०,४६,९२९	१०,४७,०००	२०,९३,९२९

<u>निर्णय नं. १३.</u>

विनयी त्रिवेणी गाउँपालिका अन्तर्गत तपसिल बमोजिम खेलकुद प्रतियोगिता संचालन हुने हुँदा आ.व. २०८३/०८४ मा स्वीकृत कार्यक्रम अन्तर्गत गाउँपालिकाको स्वीकृत खेलकुद विकास कार्यक्रमबाट रु. ३०,०००/- र वडा नं १. को विविध शिर्षकबाट रु. १,००,०००/- गरी एकमुष्ठ रु. १,३०,०००/- तपसिल बमोजिमको क्लवलाई आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो।

तपसिल

क्र.स.	व्यक्ति वा संस्थाको नाम	ठेगाना	कारण	कैफियत
१.	हिमालयन युवा क्लव	वडा नं. १.	7-A Side खुल्ला नकआउट फुटबल प्रतियोगिता- २०८३	गाउँपालिकाको स्वीकृत खेलकुद विकास कार्यक्रमबाट रु. ३०,०००/- र वडा नं १. को विविध शिर्षकबाट रु. १,००,०००/- गरी एकमुष्ठ रु. १,३०,०००/-

<u>निर्णय नं. १४.</u>

आ.व २०८३/८४ मा यस विनयी त्रिवेणी गाउँपालिका अन्तर्गत लघु उद्यम विकास कार्यक्रम (मेडपा) लाई संघीय सरकार हस्तान्तरित कार्यक्रम सशर्त अनुदान रु. ३,०२,०००/-अक्षरेपी तीन लाख २ हजार रुपैया मात्र तपसिल बमोजिमको कार्यक्रम वडा नं. ५ चन्दनटोलमा नयाँ लघु उद्यमी श्रृजना गर्ने।

क्र.स.	क्रियाकलापहरु	परिमाण	जम्मा बजेट
१	सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि बस्तान्तरण	५ जनाको समूह	रु. ७०,०००/-
२	गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि २०८२ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने	११ जना	रु. ४०,०००/-
३	गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि २०८२ बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडमान्स सीप विकास तालिम कार्यक्रम)	४ वटा	रु १,९२,०००/-
		जम्मा	३,०२,०००/-

विनयी त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत उद्यमशीलता विकास कार्यक्रम शिर्षकमा रु. १०,००,०००/- (अक्षरेपी दश लाख रुपैया मात्र) तपसिल बमोजिमको कार्यक्रम स्वीकृत गर्ने।

क.स.	विवरण	वडा	जम्मा बजेट
१	उद्यमशीलता विकास तालिम	सबै वडामा	रु. ५,००,०००/-
२	दुना टपरी व्यवसाय विद्युत जडान	वडा नं.१. सिसेनी	रु. ८०,०००/-
३	नयाँ लघु उद्यमी श्रृजना	वडा नं. ५ चन्दनटोल	रु. २,५०,०००/-
४	ढाका व्यवसाय प्रविधि खरिद	वडा नं. १. दुम्किकास र वडा नं. ४ भुटुके टोल	रु. १,५०,०००/-
५	अचार व्यवसाय प्रविधि खरिद	वडा नं. १. दुम्किवास	रु. २०,०००/-
		जम्मा	रु. १०,००,०००/-

<u>निर्णय नं. १५.</u>

विनयी त्रिवेणी गाउँपालिका वडा नं. १. स्थित विनयी त्रिवेणी आधारभूत अस्पतालमा रहेको DR X-ray जडानका लागि Radiation जोखिम कम गर्न आवश्यक Lead sheet/Lead glass जडानका लागि यस गाउँपालिकाको आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत विनयी त्रिवेणी आधारभूत अस्पताल सञ्चालन खर्च शिर्षकबाट रु. २,०२,२६०.९६/- रकम बजेट व्यवस्थापन गर्ने।

निर्णय नं. १६.

विनयी त्रिवेणी गाउँपालिकाको स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को परिच्छेद ५ "विविध" अन्तर्गत दफा ४ को उपदफा (१) बमोजिम तपसिल बमोजिम ३ सदस्यीय प्राविधिक समिति गठन गर्ने।

१. शम्भु के.सी.(ईन्जिनियर, सातौ) — संयोजक

२. लिलाधर चापागाई (योजना शाखा प्रमुख) — सदस्य

३. याम प्रसाद शर्मा पौडेल (प्रशासन शाखा प्रमुख) — सदस्य सचिव